| | |
|---|---|
| बैठक संख्या | : २ औं (४ औं आ.व. ०७८/७९) |
| बैठक मिति | : २०७८ साल असोज १६ गते |
| समय | : बिहान ७:०० बजे |
| बैठकको अध्यक्षता | : श्री हीरासिंह थापा अध्यक्ष सोसेक नेपाल |
| संस्था | : सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख |
| बैठक स्थल | : संस्थाको केन्द्रीय कार्यालय, दैलेख |
| बैठक/समिति | : केन्द्रीय कार्य समितिको बैठक |

उपस्थिति,

| | |
|---|---|
| श्री हीरासिंह थापा | : अध्यक्ष |
| श्री टीकादेवी जैसी | : निवर्तमान अध्यक्ष |
| श्री मन्जु कुमारी खड्का | : उपाध्यक्ष |
| श्री महेन्द्र कुमार कार्की | : महासचिव |
| श्री कमला चन्द | : कोषाध्यक्ष |
| श्री मनसरा थापामगर | : सचिव |
| श्री सुजन न्यौपाने | : सदस्य |
| श्री कमला कुमारी नेपाली (वादी) | : सदस्य |
| श्री हस्तराज अधिकारी | : सदस्य |
| श्री कमला शर्मा | : सदस्य |
| श्री बसन्त श्रेष्ठ | : उप कार्यकारी निर्देशक |

**वैठकका एजेण्डाहरु**

१. एक वैठक देखि अर्को वैठकसम्म सुनेका र मनमा लागेका कुराहरुको जानकारी ।
२. विभिन्न समिति/उप समिति सक्रिय गर्ने सम्वन्धमा ।
३. अध्यक्षको आन्तरिक सर्कुलरको जानकारी सम्वन्धमा ।
४. सम्झौता तथा परियोजनाको जानकारी सम्वन्धमा ।
५. कर्मचारीको सेवा सुविधा सम्वन्धमा ।
६. सहयात्रा परियोजनाको खाता संचालन सम्वन्धमा ।
७. संस्थामा आवश्यक नियमावली र निर्देशिका निर्माण तथा संशोधन सम्वन्धमा ।
८. संस्थाद्धारा संचालित विभिन्न परियोजनाका बैंक खातालाई ई बैंकिङ गर्ने सम्वन्धमा
९. सेभ द चिल्ड्रेनसंगको साझेदारी विश्लेषण टुल्स कार्य योजना कार्यान्वयन सम्वन्धमा
१०. संस्थामा कार्यरत कर्मचारीको ८.३३ प्रतिसत ग्याजुटी सम्वन्धमा

Scanned with CamScanner

११. संस्थाका निती नियमावली तथा साझेदारसंस्थासंग भएका सम्झौता वमोजिमका कम्पाइन्स परिपालन गर्ने जिम्मेवारी सम्वन्धमा
१२. संस्थाद्धारा संचालित परियोजना कार्यक्रमको सम्पर्क व्यक्ति तोक्ने सम्वन्धमा
१३. युवा तथा अपांगता भएका व्यक्तिको कार्य समितिमा प्रतिनीधीत्व सम्वन्धमा
१४.विविध

*निर्णयहरु*

१. प्रस्ताव नं. १ वैठक देखि अर्को वैठकसम्म सुनेका र मनमा लागेका कुराहरुको जानकारी सम्वन्धमा छलफल गर्दा यस संस्थाको केन्द्रीय कार्य समितिको वैठक १ (आ.व. ०७७/७८ को ३) औं वैठक अवधि देखि यस वैठक अवधि बिच विभिन्न तालिममा सहभागि भएका साथीहरुको तालिमको सेरिङ, संस्था पदाधिकारी र सदस्यहरु लगायत कर्मचारीहरु र संस्था समेतका विषयमा सुनेका र मनमा लागेका कुराहरु आदान प्रदान गरियो ।

२. प्रस्ताव नं. २ विभिन्न समिति/उप समिति सक्रिय गर्ने सम्वन्धमा छलफल गर्दा मिति २०७८ भाद्र २५ गते गठन भएका विभिन्न समितिहरु आ-आफ्नो कार्यविवरण अनुसार सक्रिय हुने र वनाउन सम्पुर्ण संयोजकहरुलाई निर्देशन दिने निर्णय गरियो ।

३. प्रस्तावन नं. ३ अध्यक्षको आन्तरिक सर्कुलरको जानकारी दिने सम्वन्धमा छलफल गर्दा संस्थाका अध्यक्ष श्री हीरासिंह थापाले मिति २०७८ भाद्र २६ गते २३ वुदे र मिति २०७८ असोज १६ गते ५ वुदे आन्तरिक सर्कुलर गर्नु भएको कुरा यस वैठकमा जानकारी गरियो र उक्त सर्कुलरलाई पालना गर्न सम्पुर्ण कर्मचारी, कार्य समिति सदस्य लगायत सम्पुर्णमा निर्देशन दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ सम्झौताको परियोजनाको जानकारी दिने सम्वन्धमा छलफल गर्दा यस महिनामा तपसिलमा उल्लेख भएका कार्यक्रम/परियोजना संचालन सम्वन्धी तपसिलमा उल्लेखित साझेदार संस्थासंग सम्झौता भएको जानकारी गरियो ।

तपसिल

४.१. हेल्भेटास स्वीस इन्टरकोअपरेशन नेपालसंग १ अगष्ट २०२१ देखि अन्तिम जुलाई २०२२ सम्म एकिकृत जलश्रोत व्यवस्थापन परियोजना दुल्लू नगरपालिका, डुंगेश्वर र महाँवु गाउँपालिकामा संचालन गर्ने गरी रु ९१०५९३४/- अक्षरुपी एकानब्वे लाख पाँच हजार नौ सय चौतिस रुपैया मात्रको संस्थाका अध्यक्ष श्री हीरासिंह थापा सुर्खेत गएर भएको हेल्भेटासको कार्यालयमा सम्झौता भएको जानकारी गरियो ।

४.२. दैलेख र कालिकोट जिल्लामा संचालनमा रहेको वाल हेल्पलाइन १०९८ को हिन्सा र दुरव्यवहारमा परेका विशेष संरक्षणको आवस्यकता भएका वालवालिकाको उद्धार, संरक्षण अस्थायी संरक्षण, राहत र मनोविमर्श लगायत पुनस्थापन सेवा संचालनको लागि १०९८ कार्य संचालन गाइडलाइनमा भएका व्यवस्था अनुसारको रकम व्यवस्थापनको लागि श्रावण २०७८ देखि असार २०७९ सम्मको लागि राष्ट्रिय वाल अधिकार परिषदसंग संस्थाका अध्यक्ष हीरासिंह थापा काठमाण्डौ गई राष्ट्रिय वाल अधिकार परिष्दको कार्यालयमा सम्झौता भएको जानकारी गरियो ।

४.३. एईआईएन लक्जेम्वर्गसंग ठाँटीकाँध गाउँपालिकामा सहकार्य परियोजना संचालन सम्वन्धी छलफल भई परियोजना प्रस्ताव पेश भएको जानकारी गरियो ।

४.४. दैलेखमा रहेको सेल्टरको लागि थप घरभाडा र सेल्टर संयोजकको पारीश्रमिक सहित ६ महिना जुलाई देखि डिसेम्बर २०२१ को लागि ओरेक नेपालसंग रु. ३६५०००/- अक्षरुपी तिन लाख पैसठ्ठी हजार मात्रको सम्झौता भएको जानकारी गरियो ।

४.५. दुल्लू नगरपालिका ९ देखि १२ कक्षा संचालन भएका माध्यमिक विद्यालय लक्षित हुने गरि १४ देखि १९ उमेर समुहका युवाहरुसंगको सहकार्यमा समुन्नत नेपालसंग युवा लैंगिक सम्वेदनशिल, विश्व नागरिक तथा जिवन उपयोगी सिप शिक्षा कार्यक्रम संचालनको लागि साझेदारी हुने कुरा यस वैठकमा जानकारी गरियो ।

Scanned with CamScanner

५. प्रस्ताव नं. ५ कर्मचारीको सेवा सुविधा सम्वन्धमा छलफल गर्दा संस्थामा विगत वर्ष देखि काम गर्दै आएका हाल विकास साझेदारसंग सम्झौता भई सोही सम्झौता वमोजिम लागु हुने गरी तपसिलमा उल्लेखित कर्मचारीको म्यादथप गरी सेवा सुविधा दिने निर्णय गरियो ।

तपसिल

| कर्मचारीको नाम | पद | तलव | संचय कोष थप | दुर्गम / हाडसिप | उपदान कोष ८.३३ | संचार | जम्मा |
|---|---|---|---|---|---|---|---|
| एकिकृत जलश्रोत व्यवस्थापन परियोजना | | | | | | | |
| वसन्त कुमार श्रेष्ठ | उप कार्यकारी निर्देशक | ७४००.०० | ७४०.०० | | ६१६.०० | १०००.०० | ९७५६.०० |
| महेन्द्रराज अधिकारी | फिल्ड संयोजक | ३५८०५.०० | ३५८१.०० | २०००.०० | २९८३.०० | १०००.०० | ४५३६९.०० |
| सुभाष चन्द्र भारती | निर्माण अधिकृत (प्राविधिक निरीक्षक) | ४३०५०.०० | ४३०५.०० | २०००.०० | ३५८६.०० | १०००.०० | ५३९४१.०० |
| जय बहादुर विष्ट | प्राविधिक सहजकर्ता | ३४६५०.०० | ३४६५.०० | २०००.०० | २८८६.०० | ६००.०० | ४३६०१.०० |
| डिलबहादुर गिरी | प्राविधिक सहजकर्ता | ३४६५०.०० | ३४६५.०० | २०००.०० | २८८६.०० | ६००.०० | ४३६०१.०० |
| गणेश प्रसाद पाण्डे | प्राविधिक सहजकर्ता | ३४६५०.०० | ३४६५.०० | २०००.०० | २८८६.०० | ६००.०० | ४३६०१.०० |
| ललिता कुमारी भण्डारी | सामुदायीक सहजकर्ता | ३२३४०.०० | ३२३४.०० | २०००.०० | २६९४.०० | ६००.०० | ४०८६८.०० |
| महेन्द्र विक्रम खड्का | सामुदायीक सहजकर्ता | ३२३४०.०० | ३२३४.०० | २०००.०० | २६९४.०० | ६००.०० | ४०८६८.०० |
| माया कुमारी राना | प्रशासन अधिकृत | १७३२५.०० | १७३३.०० | | १४४३.०० | १०००.०० | २१५०१.०० |
| हीरासिंह थापा | अध्यक्ष | ०.०० | ०.०० | | ०.०० | १५००.०० | १५००.०० |
| कमला मल्ल चन्द | कोषाध्यक्ष तथा फोकल व्यत्ति | ०.०० | ०.०० | | ०.०० | १०००.०० | १०००.०० |
| महिला, वालवालिका सेवा केन्द्र, हेल्पलाइन १०९८ दैलेख र कालिकोट | | | | | | | |
| रमा श्रेष्ठ | सेल्टर संयोजक | ३००००.०० | ३०००.०० | | ०.०० | ५००.०० | ३३५००.०० |
| चन्द्रा कुमारी शर्मा | काउन्सीलर/हेल्पलाईन अपरेटर १०९८ | १००००.०० | १०००.०० | | ०.०० | ०.०० | ११०००.०० |
| | हेल्पलाईन अपरेटर १०९८ | ८१८२.०० | ८१८.०० | | ०.०० | ०.०० | ९०००.०० |
| | काउन्सीलर/हेल्पलाईन अपरेटर | १८५४०.०० | १८५४.०० | ०.०० | ०.०० | ०.०० | २०३९४.०० |
| | १०९८ | ९२००.०० | ९२०.०० | | ०.०० | ०.०० | १०१२०.०० |
| | महिला, वालवालिका सेवा केन्द्र | ९३४०.०० | ९३४.०० | | ०.०० | ०.०० | १०२७४.०० |
| धना पाण्डे | हेल्पलाईन अपरेटर १०९८ | ८९८२.०० | ८९८.०० | | ०.०० | ०.०० | ९८८०.०० |
| | सेल्टर संयोजक/हेल्पलाइन संयोजक | ३१९५०.०० | ३१९५.०० | | ०.०० | ५००.०० | ३५६४५.०० |
| शसी श्रेष्ठ | सेल्टर वार्डेन | १६०००.०० | १६००.०० | | ०.०० | ०.०० | १७६००.०० |

*विभिन्न परियोजनामा अनुसार चार्जिङ*

| कर्मचारीको नाम | पद | तलव | संचय कोष थप | दुर्गम / हाडसिप | उपदान कोष ८.३३ | संचार | जम्मा |
|---|---|---|---|---|---|---|---|
| टिकाराम सापकोटा | लेखा तथा खरिद अधिकृत | ५२०९०.०० | ५२०९.०० | ०.०० | ४३३९.१० | ०.०० | ६१६३८.१० |
| SACAR | | ३६५००.०० | ३६५०.०० | | ३०४०.४५ | | ४३१९०.४५ |
| Utthan | | १५५९०.०० | १५५९.०० | | १२९८.६५ | | १८४४७.६५ |
| वशन्त श्रेष्ठ | उप कायकारी निदेशक | ७७४००.०० | ७७४०.०० | ०.०० | ६४४७.४२ | १०००.०० | ९२५८७.४२ |
| Utthan | | ७००००.०० | ७०००.०० | ०.०० | ५८३१.०० | | ८२८३१.०० |
| IWRMP | | ७४००.०० | ७४०.०० | | ६१६.४२ | १०००.०० | ९७५६.४२ |
| मान वहादुर थापा | सामुदायिक विकास सहजकर्ता | ३५०००.०० | ३५००.०० | ०.०० | २९१५.५० | ०.०० | ४१४१५.५० |
| Utthan | | ३५०००.०० | ३५००.०० | ०.०० | २९१५.५० | | ४१४१५.५० |
| धर्मराज वास्तोला | मिल अधिकृत | ३५५६०.०० | ३५५६.०० | ३०००.०० | २९६२.१५ | ३००.०० | ४५३७८.१५ |
| Utthan | | २०५५०.०० | २०५५.०० | | १७११.८२ | | २४३१६.८२ |
| Sanayatra | | १५०१०.०० | १५०१.०० | ३०००.०० | १२५०.२२ | ३००.०० | २१०६१.२२ |
| माया राना | स्टोर तथा प्रशासन अधिकृत | ३२७७५.०० | ३२७७.५० | २०००.०० | १४४३.१७ | १०००.०० | ४०४९५.६७ |
| IWRMP | | १७३२५.०० | १७३२.५० | २०००.०० | १४४३.१७ | १०००.०० | २३५००.६७ |
| Raute | | १५४५०.०० | १५४५.०० | | | | १६९९५.०० |
| कृष्ण रावत | लेखा तथा खरिद सहायक | २२५००.०० | २२५०.०० | ०.०० | ०.०० | ०.०० | २४७५०.०० |
| AADHAR | | ९५००.०० | ९५०.०० | ०.०० | ०.०० | | १०४५०.०० |
| AADHAR | | १३०००.०० | १३००.०० | | ०.०० | | १४३००.०० |
| राकेश कुमार थापा | कार्यालय सहयोगी | १४१३०.०० | १४१३.०० | ०.०० | ११७७.०३ | ०.०० | १६७२०.०३ |
| SACAR | | ९४५०.०० | ९४५.०० | | ७८७.१९ | | १११८२.१९ |
| Utthan | | ४६८०.०० | ४६८.०० | | ३८९.८४ | | ५५३७.८४ |

Scanned with CamScanner

६. प्रस्ताव नं. ६ सहयात्रा परियोजनाको प्रभु बैंक गुराँसमा रहेको बैंक खाता संचालन सम्वन्धमा छलफल गर्दा संस्थाको दैलेख जिल्ला गुराँस गाउँपालिका गुराँसैमा रहेको प्रभु बैंक शाखामा सहयात्रा परियोजनाको खाता संचालनको लागि संस्थाको जिम्मेवारी हेरफेर भएकोले अब उपरान्त उक्त खाताहरु संस्थाका कोषाध्यक्ष कमला चन्द, उप कार्यकारी निर्देशक बशन्त श्रेष्ठ, सहयात्रा परियोजनाका कार्यक्रम निर्देशक नवराज विसी र रिर्पोट तथा अभिलेखिकरण संयोजक मिला श्रेष्ठको सयुक्त दस्तखतवाट संचालन गर्ने र माथी उल्लेखित ४ जना मध्ये कुनै दुईको हस्ताक्षर अनिवार्य गर्ने साथै उक्त खातालाई ई बैंकिङ गरि बैंक इष्टेडमेन्ट लिन सजिलोको लागि प्रशासन तथा लेखा संयोजक सुर्जन रोकायालाई अधिकार दिने निर्णय गरियो ।

७. प्रस्तावना ७ संस्थामा आवश्यक नियमावली तथा निर्देशिका निर्माण तथा संशोधनका सम्बन्धमा छलफल गर्दा हाल संस्था अन्तर्गत परियोजनाका क्रियाकलापहरु संचालनको लागि आवश्यक तपसिल बमोजिमको नियमावली तथा निर्देशिका निर्माण तथा संशोधनका लागि तपसिल बमोजिमको ७ सदस्यीय मसौदा निर्माण उप समिति गठन गरी २०७८ मंसिर सम्ममा उपरोक्त निर्देशिका तथा नियमावली मस्यौदा तयार गरी कार्यसमितिमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

तपसिल,

(क) निर्माण तथा संशोधनको लागि आवश्यक नियमावली तथा निर्देशिकाहरु

१. परामर्श तथा श्रोत व्यक्ति खरिद नियमावली
२. तथ्यांक सुरक्षा निर्देशिका
३. आकस्मिक कर्मचारी तथा स्वयंसेवक परिचालन निर्देशिका
४. आर्थिक प्रशासन नियमावली २०७६ संशोधन
५. कर्मचारी प्रशासन सम्वन्धि नियमावली २०७६ संशोधन

(ख) मसौदा निर्माण उप समिति

| | | |
|---|---|---|
| संयोजक | महेन्द्र कुमार कार्की | महासचिव |
| सदस्य | मनसरा थापामगर | सचिव |
| सदस्य | सुजन न्यौपाने | सदस्य कार्य समिति |
| सदस्य | नवराज बि.सी. | कार्यक्रम निर्देशक |
| सदस्य | सुर्जन रोकाय | प्रशासन तथा लेखा संयोजक |
| सदस्य | दुर्गा गिरी | सहायक कार्यक्रम निर्देशक |
| सदस्य सचिव | बसन्त कुमार श्रेष्ठ | उप कार्यकारी निर्देशक |

८. संस्थाद्धारा संचालित विभिन्न परियोजनाका बैंक खातालाई ई बैंकिङ गर्ने सम्वन्धमा छलफल गर्दा संस्थाको आर्थिक रिर्पोट बैंक ईष्टेटमेण्ट अनिवार्य आवस्यक हुने भएकोले उक्त बैंक ईष्टेटमेण्ट प्रिट गर्ने अधिकार सहितको ई बैंकिङ संस्थाका नाममा खुलेको तपसिलमा उल्लेखित सवै बैंक तथा खाताहरु सेवा लिने र उक्त अधिकार खरिद तथा लेखा अधिकृत टिकाराम सापकोटालाई अधिकार दिने निर्णय गरियो ।

तपसिलका बैंकहरु

क. मेगा बैंक दैलेख
ख. नेपाल बैंक लिमिटेड दैलेख
ग. प्रभु बैंक दैलेख
घ. सिर्दाथ बैंक दैलख
ङ. एनएमवि बैंक दैलेख
ढ्. एनसीसी बैंक दैलेख
ज. राष्ट्रिय वाणिज्य बैंक दैलेख
झ. बैंक अफ काठमाण्डौ

Scanned with CamScanner

ञ. एनआईसी एसिया वैंक

९. प्रस्ताव नं. ९ सेभ द चिल्ड्रेनसंगको साझेदारी विश्लेषण टुल्स कार्य योजना कार्यान्वयन सम्वन्धमा छलफल गर्दा संस्थाले विगत वर्ष झै सन २०२० मा सेभ द चिल्ड्रेनसंगको साझेदारीता विश्लेण्ण टुल्सवाट तयार गरिएको कार्य योजनालाई समिक्षा गर्दै आवस्यक गर्नु पर्ने काम गर्नको लागि कोषाध्यक्ष कमला चन्द, कार्य समिति सदस्य कमला वादी नेपाली, उप-कार्यकारी निर्देशक वशन्त श्रेष्ठ, कार्यक्रम निर्देशक नवराज विसी र सहायक कार्यक्र निर्देशक दुर्गा गिरी रहेको समिति वनाउने र उक्त समितिले साझेदारिता विश्लेषण टुल्सको कार्य योजनाको समिक्षा गरि १५ दिन भित्र उक्त कार्य योजना कार्यान्वयनको अवस्थाको रिर्पोट कार्य समितिमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० संस्थामा कार्यरत कर्मचारीको ८.३३ प्रतिसत ग्याजुटी सम्वन्धमा छलफल गर्दा हाल सवै कर्मचारीहरुको दैलेख स्थीत वैंकमा राखीएकोले हाल कर्मचारी सेवा नियमावली २०७६ संशोधन गर्ने प्रक्रियामा रहेकोले उक्त संशोधन गर्ने नियमावलीमा यो सम्वन्धी व्यवस्था गरि सोही अनुसार गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ संस्थाका निती नियमावली तथा साझेदारसंस्थासंग भएका सम्झौता वमोजिमका कम्पाइन्स परिपालन गर्ने जिम्मेवारी सम्वन्धमा छलफल गर्दा सवै परियोजना कार्यक्रमको साझेदारी सम्झौतामा भएका कम्पाइन्स तथा संस्थाका निती नियम परिपालन गर्ने जिम्मेवारी सम्वन्धित परियोजनाको लेखा प्रमुख र कार्यक्रम प्रमुखको भएकोले सोही अनुसार जिम्मेवारी दिने र कम्पाइन्स र निती नियमावली परिपालन नभई खर्चको विषयमा केही समस्या भएमा सम्वन्धित परियोजना कार्यक्रमका लेखा तथा कार्यक्रम प्रमुख नै जिम्मेवारी हुने यसवाट पछि संस्थामा केही समस्या आईपरेमा वा रकम जम्मा गर्नु पर्ने भएमा सम्वन्धित परियोजना तथा लेखा प्रमुख नै जिम्मेवारी भई गर्नु पर्ने विषय सवै परियोजना कार्यक्रम प्रमुख तथा लेखा प्रमुखलाई अभिमुखिकरण गर्ने यस विषयमा संस्थाको कार्य समिति पदाधिकारी, कार्यसमिति सदस्य, कार्यकारी निर्देश, उपकार्यकारी निर्देशकवाट केही हस्तक्षप भई कम्पाइन्स तथा निती नियमावी कार्यान्वयनको समस्या भएमा तत्काल लेखा प्रमुख र कार्यक्रम प्रमुखले सो विषयमा रिर्पोट वनाई संस्थाको कार्य समितिमा कार्यकारी निर्देशक वा उपकार्यकारी निर्देशक मार्फत पेश गर्ने जिम्मेवारी दिने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ संस्थाद्धारा संचालित परियोजना कार्यक्रमको सम्पर्क व्यक्ति तोक्ने सम्वन्धमा छलफल गर्दा संस्थाको सिनीयर स्टाव र कार्य समितिको सयुक्त वैठक त्रैमासिकरुपमा वस्नु पर्ने भएको उक्त तत्कालै वैठक वस्ने समय पनि भएकोले यस विषयमा उक्त सयुक्त वैठकमा छलफल गरि आगामी वस्ने कार्य समितिको वैठकवाट कार्यसमितिका पदाधिकारी तथा सदस्यलाई कार्यक्रम परियोजनाको सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ युवा तथा अपांगता भएका व्यक्तिको कार्य समितिमा प्रतिनीधीत्व सम्वन्धमा छलफल गर्दा संस्थाले युवा तथा अपांगता भएको व्यक्तिहरुलाई लक्षित कार्यक्रम संचालन गरिरहेकोले कार्य समितिमा उनिहरुको अधिकार सुनिश्चित गर्नका साथै सहभागिताका लागि सवै कार्य समितिका वैठकहरुमा अनिवार्य आमन्त्री सदस्यकोरुपमा यस संस्थाका आजिवन सदस्य लक्ष्मण कुमार कार्कीलाई युवा तथा अपांगता भएको व्यक्ति मध्येवाट आमन्त्रीत सदस्यरुपमा मनोनित गर्ने निर्णय गरियो ।

१४. प्रस्ताव नं. १४ विविधमा छलफल गर्दा संस्थाको सिनीयर र कार्य समितिको सयुक्त वैठक त्रैमासिकरुपमा वस्नु पर्ने भएकोले आगामी वैठकमा संस्थामा कार्यरत सिनीयर स्टाव र कार्य समिति वैठक वस्ने विषयमा छलफल गरि मिति तोक्नको लागि उप कार्यकारी निर्देशक वशन्त श्रेष्ठलाई जिम्मेवारी दिने निर्णय गरियो ।

Scanned with CamScanner